**आकाशवाणी समाचार- नेपाली**

मितिः ०३ सितम्बर २०२५

समयः ०७.२५ - ०७: ३५ बजे (*अवधिः १० मिनट*)

**मुख्य समाचार**

१. प्रधानमन्त्री नरेन्द्र मोदी आज नयाँ दिल्लीमा **सेमिकॉन इंडिया-2025** मा मुख्य कार्यकारी अधिकारीहरुको बैठकमा भाग लिनु हुनेछ।

२. केन्द्रीय वित्त मन्त्री निर्मला सीतारमणले सिंगापुरका प्रधानमन्त्री लरेन्स वोङसँग व्यापार र लगानी, वित्तीय प्रविधि, सीप विकास, स्वास्थ्य र व्यापक रणनीतिक साझेदारी बढाउने बारेमा छलफल गर्नुभयो।

३. सडक यातायात तथा राजमार्ग मन्त्री नितिन गडकरीले प्रधानमन्त्री नरेन्द्र मोदीले २०७० सम्ममा भारतलाई कार्बन सन्तुलित बनाउने लक्ष्य राखेको बताउनु भएको छ।

४. कृषि तथा प्रशोधित खाद्य उत्पादन निर्यात विकास प्राधिकरण- एपीडाले भारतको कृषि-खाद्य निर्यातलाई प्रवर्द्धन गर्न भारती नामक नयाँ पहल शुरु गरेको छ।

५. पञ्जाबमा बाढीमा ३०जनाको मृत्यु भएको छ भने साढे तीन लाखभन्दा बढी मानिसहरू प्रभावित भएका छन्।

**प्रधानमन्त्री- सीईओ बैठक**

प्रधानमन्त्री नरेन्द्र मोदी आज नयाँ दिल्लीमा **सेमिकॉन इंडिया-2025** मा मुख्य कार्यकारी अधिकारीहरुको बैठकमा भाग लिनु हुनेछ। यस बैठकमा उद्योगका प्रमुखहरूले भारतमा सेमीकन्डक्टर प्रणाली र यसको विकासको बारेमा छलफल गर्नेछन्। प्रधानमन्त्री मोदीले बैठकको क्रममा विश्वभरका प्रमुख कार्यकारी अधिकृतहरूसँग अन्तरक्रिया गर्नु हुनेछ।प्रधानमन्त्रीले हिजो नयाँ दिल्लीको यशोभूमिमा **सेमिकॉन इंडिया-2025** सम्मेलनको उद्घाटन गर्नुभयो। तीन दिने सम्मेलनले भारतलाई विश्वव्यापी सेमीकन्डक्टर आपूर्ति शृङ्खलामा एक भरपर्दो साझेदारको रूपमा स्थापित गर्ने लक्ष्य राखेको छ। सम्मेलनको उद्घाटन गर्नु हुँदै प्रधानमन्त्रीले भारतको विश्वव्यापी सेमीकन्डक्टर बजारमा भारतको प्रमुख साझेदार बन्ने सम्भावनाको उल्लेख गर्नुभयो।आगामी वर्षहरूमा विश्वव्यापी सेमीकन्डक्टर बजार एक ट्रिलियन डलर नाघ्ने अपेक्षा गरिएको छ। **सेमिकॉन इंडिया-2025** भारतलाई सेमीकन्डक्टर डिजाइन, निर्माण र प्रविधि विकासको केन्द्र बन्ने लक्ष्य पूरा गर्ने दिशामा एक महत्त्वपूर्ण कदम हो। विश्वभरका उद्योग प्रमुखहरू र विज्ञहरूको सहभागितामा सम्मेलनले भारतको सेमीकन्डक्टर क्षेत्रलाई बलियो बनाउने र लगानी र नवीनतालाई बढावा दिने अपेक्षा गरिएको छ।

**बाइट**

**जी.एस.टी.- परिषद बैठक**

वस्तु तथा सेवा कर- जीएसटी परिषद्को ५६औँ बैठक आज नयाँ दिल्लीमा सुरु हुँदैछ। वित्त मन्त्री निर्मला सीतारमणले दुई दिने बैठकको अध्यक्षता गर्नु हुनेछ। बैठकमा आगामी पीढ़ीको जीएसटी सुधारहरूबारे छलफल हुने सम्भावना छ। प्रधानमन्त्री नरेन्द्र मोदीले यस वर्ष स्वतन्त्रता दिवसको सम्बोधनमा भनु भएको थियो, देशले वस्तु तथा सेवा करबाट व्यापक लाभ प्राप्त गरेको छ। जीएसटी अन्तर्गत सुधारहरूमा जोड दिँदै उहाँले भन्नु भयो, यसले आम मानिस, किसान, मध्यम वर्ग र सूक्ष्म, साना तथा

मझौला उद्यमहरूलाई राहत प्रदान गर्नेछ। दिवालीको अवसरमा जीएसटी सुधारहरूको घोषणा गरिनेछ। यसले आवश्यक वस्तुहरूमा कर घटाउनेछ र स्थानीय सडक विक्रेता र उपभोक्ताहरूलाई राहत प्रदान गर्नेछ।

**बाइट**

केन्द्र सरकारले आत्मनिर्भर भारतको लक्ष्य हासिल गर्न वस्तु तथा सेवा करमा महत्वपूर्ण सुधारहरू प्रस्ताव गरेको छ। मन्त्री समूहको गत महिना बैठक बसेको थियो। अर्को पीढ़ीको जीएसटी सुधारहरू संरचनात्मक सुधार, करको तर्क संगत र जीवनयापनको सहजताका तीन स्तम्भहरूमा केन्द्रित हुनेछन्। केन्द्रीय वित्त मन्त्रालयले समावेशी वृद्धि र व्यवसाय गर्न सहजताका लागि वस्तु तथा सेवा करलाई सरल, स्थिर र पारदर्शी कर प्रणाली बनाउने प्रतिबद्धता व्यक्त गरेको छ।

**सीतारमण-सिंगापुर प्रधानमन्त्री**

केन्द्रीय वित्त मन्त्री निर्मला सीतारमणले हिजो नयाँ दिल्लीमा सिंगापुरका प्रधानमन्त्री लरेन्स वोङसँग भेट गर्नुभयो। दुई नेताहरूले मुख्यतया व्यापार र लगानी, वित्तीय प्रविधि, सीप विकास, स्वास्थ्य र कनेक्टिभिटीका क्षेत्रमा व्यापक रणनीतिक साझेदारी बढाउने बारेमा छलफल गर्नुभयो। दुवै पक्ष यी क्षेत्रहरूमा सहयोगलाई सुदृढ पार्न सहमत भए।

**सिंगापुर-प्रधानमन्त्री भारत भ्रमण**

सिंगापुरका प्रधानमन्त्री लरेन्स वोङ हिजो साँझ भारतको तीन दिने भ्रमणमा नयाँ दिल्ली आइपुग्नु भएको छ। प्रधानमन्त्री नरेन्द्र मोदीको निमन्त्रणामा उहाँको भ्रमण हुँदैछ। वित्त राज्यमन्त्री पंकज चौधरीले विमानस्थलमा उहाँलाई स्वागत गर्नु भयो। भोलि दुई नेताबीच द्विपक्षीय वार्ता हुनेछ। श्री वोङले राष्ट्रपति द्रौपदी मुर्मुलाई पनि भेट्नु हुनेछ।विदेश मन्त्रालयले यो भ्रमण भारत र सिंगापुरबीचको कूटनीतिक सम्बन्धको ६० औं वार्षिकोत्सवको अवसरमा भइरहेको र यसले दुई देशबीचको साझेदारीलाई अझ बलियो बनाउने बताएको छ। दुवै देशका प्रधानमन्त्रीहरूले पारस्परिक हितका क्षेत्रीय र अन्तर्राष्ट्रिय मुद्दाहरूमा छलफल गर्ने अवसर पनि पाउनेछन्। विदेश मन्त्रालयले सिंगापुर भारतको एक महत्त्वपूर्ण साझेदार भएको बताएको छ, जसमा एक्ट-ईस्ट नीति पनि समावेश छ र गत वर्ष सेप्टेम्बरमा प्रधानमन्त्री नरेन्द्र मोदीको सिंगापुर भ्रमणका क्रममा दुई देशका द्विपक्षीय सम्बन्ध रणनीतिक साझेदारीको स्तरमा पुगेको बताएको छ।

**गडकरी-सम्मेलन**

सडक यातायात तथा राजमार्ग मन्त्री नितिन गडकरीले प्रधानमन्त्री नरेन्द्र मोदीले २०७० सम्ममा भारतलाई कार्बन सन्तुलित बनाउने लक्ष्य राखेको बताउनु भएको छ। नयाँ दिल्लीमा २० औं विश्वव्यापी दिगोपन सम्मेलनलाई सम्बोधन गर्दै श्री गडकरीले जलवायु परिवर्तन र तापक्रम वृद्धि भावी पुस्ताका लागि गम्भीर खतरा भएको बताउनु भयो। उहाँले कार्बन उत्सर्जन र कार्बन अवशोषणबीच सन्तुलन आवश्यक रहेको बताउनु भएको छ। कुनै पनि देश वा समाजको लागि वातावरण, पारिस्थितिक प्रणाली, जीवनशैली र अर्थतन्त्रबीच अनुकूल सन्तुलन कायम राख्नु धेरै महत्त्वपूर्ण छ।

**गोयल-भारती**

कृषि तथा प्रशोधित खाद्य उत्पादन निर्यात विकास प्राधिकरण- एपीडाले भारतको कृषि-खाद्य निर्यातलाई प्रवर्द्धन गर्न भारती नामक नयाँ पहल शुरु गरेको छ। केन्द्रीय वाणिज्य तथा उद्योग मन्त्री पियुष गोयलले यस सम्बन्धमा केन्द्रीय खाद्य प्रशोधन उद्योग मन्त्री चिराग पासवान र युएईका विदेश व्यापार मन्त्री डा. थानी बिन अहमद अल जेयुदीसँग नयाँ दिल्लीमा एक बैठकको अध्यक्षता गर्नु भयो। भारती एक सय कृषि-खाद्य स्टार्टअपहरूलाई सहयोग गर्ने, नवप्रवर्तनलाई प्रवर्द्धन गर्ने र २०३० सम्ममा निर्यातलाई ५० अरब डलर पुऱ्याउने उद्देश्यले डिजाइन गरिएको हो।

**वैष्णव-सेमीकंडक्टर**

नयाँ प्रविधिमा आधारित स्वदेशी रूपमा निर्मित इलेक्ट्रोनिक सर्किट चिप्सको पहिलो सेट प्रधानमन्त्री नरेन्द्र मोदीलाई प्रस्तुत गरिएसँगै भारतको सेमीकंडक्टर यात्रा ऐतिहासिक गन्तव्यमा पुगेको छ। हिजो नयाँ दिल्लीमा सेमिकन इन्डिया २०२५ को

पहिलो दिन इलेक्ट्रोनिक्स तथा सूचना प्रविधि मन्त्री अश्विनी वैष्णवले प्रधानमन्त्रीलाई यो चिप भेट गर्नु भयो। श्री वैष्णवले भारतको सेमीकंडक्टर मिसन बौद्धिक सम्पत्ति अधिकारको सम्मान गर्ने, आपूर्ति शृङ्खला विकास गर्ने र विश्वव्यापी साझेदारहरूसँग सह-विकास मोडेलहरू प्रवर्द्धनमा आधारित रहेको कुरामा जोड दिनु भयो।

**भारत-अफगानिस्तान**

विनाशकारी भूकम्पको आपदाको सामना गर्न भारतले अफगानिस्तानमा मानवीय सहायता पठाएको छ। विदेशमन्त्री डा. एस जयशंकरले हिजो अफगानिस्तानमा २१ टन राहत सामग्री पठाइएको बताउनु भएको छ। यसमा कम्बल, टेन्ट, स्वास्थ्य किट, पानीको ट्याङ्की, जेनेरेटर, भान्साका भाँडाकुँडा, जल शोधन यन्त्र, स्लीपिङ ब्याग, आवश्यक औषधि, ह्वीलचेयर, सेनिटाइजर, जीवन बचाउने समाधान र चिकित्सा उपकरणहरू समावेश छन्। विदेशमन्त्रीले अफगानिस्तानको अवस्थाको अनुगमन गरिने र थप राहत सामग्री पठाइने बताउनु भएको छ।

**गृह मन्त्रालय - नेपाल र भुटान**

नेपाल र भुटानबाट जमिन वा हवाई मार्गबाट भारत आउने नागरिकहरूलाई अब पासपोर्ट वा भिसाको आवश्यकता पर्ने छैन। गृह मन्त्रालयले अध्यागमन र विदेशी छुट आदेश, २०२५ लाई सूचित गरेको छ। यस अन्तर्गत, विशेष वर्गहरूलाई वैध पासपोर्ट, यात्रा कागजात र भिसाको आवश्यकताबाट छुट दिइएको छ। अफगानिस्तान, बंगलादेश र पाकिस्तानका अल्पसंख्यक समुदायका व्यक्तिहरू, जो धार्मिक उत्पीडन वा त्यसको डरका कारण भारतमा शरण लिन बाध्य भएका थिए, र जो ३१ डिसेम्बर २०२४ मा वा सोभन्दा अघि कुनै वैध कागजातबिना भारत प्रवेश गरेका थिए वा जसको पासपोर्ट वा अन्य यात्रा कागजातको म्याद सकिएको छ, उनीहरूलाई वैध पासपोर्ट र भिसाको आवश्यकताबाट छुट दिइनेछ।

**पञ्जाब-बाढ**

पञ्जाबले बाढको गम्भीर खतराको सामना गरिरहेको छ। हालैको दशकको यो सबैभन्दा ठूलो बाढीमा ३० जनाको मृत्यु भएको छ र साढे तीन लाखभन्दा बढी मानिसहरू यसबाट प्रभावित भएका छन्। राज्यमा लगभग डेढ लाख हेक्टर जमिनमा बाली नष्ट भएको छ। बाढीको पानीमा डुबेर सयौं जनावरहरूको मृत्यु भएको छ। संकट अझ बढ्ने सम्भावनालाई ध्यानमा राख्दै सतलज, रावी र ब्यास नदीका तटीय क्षेत्रहरूमा बसोबास गर्ने मानिसहरूलाई राहत शिविरहरूमा आश्रय लिन भनिएको छ। मौसम विभागले आज राज्यका केही स्थानहरूमा अत्यधिक भारी वर्षाको लागि ओरेन्ज अलर्ट जारी गरेको छ।

**बाइट**

****** ० ******